

# श्री साई सच्चरित्र

## अध्याय 1

## गहुँ पिध्ने एक अद्भुत सन्त, वन्दना-गहुँ पिनिएको कथा तथा त्यसको तात्पर्य।

## वन्दना (भावार्थ रूपमा)

पुरातन (पुरानो) पद्धति अनुसार श्री हेमाड पन्त श्री साई सच्चरित्रको आरम्भ वन्दना (स्तुति) द्वारा गर्दछन्

(1) पैले कामलाई निर्विघ्नपूर्वक समाप्त पारेर (आफूलाई) यशस्वी बनाउने श्रीगणेशलाई साष्टाङ्ग नमस्कार गर्दछन् र. श्री साई नै गणपति हो भन्दछन्।

(2) अनि काव्य रचना गर्न प्रेरणा दिने भगवती सरस्वतीलाई त्यसै गर्दछन् र आफैले नै आफ्नो जीवन-संगीत वयान गर्दै रहने श्री साई भगवतीभन्दा भिन्न हुनु हुन्न भन्दछन्।

(3) त्यसपछि क्रमशः उत्पत्ति, स्थिति र संहारकर्ता ब्रह्मा, विष्णु र महेश्वरलाई त्यसै गर्दछन्। अनि श्री साई र उपर्युक्त देवताहरू अभिन्न हुनुहुनाले वहाँहरू आफै नै गुरू बनेर भवसागरबाट पार गराई दिनुहुन्छ भन्दछन्।

(4) अनि फेरि कोंकणमा प्रकट हुनु भएको आफ्ना कुलदेवता श्री नारायण आदिनाथलाई वन्दना गर्दछन्। कोंकण त्यही भूमि हो जुन भूमिलाई श्री परशुरामजीले समुद्रबाट निकालेर स्थापित गर्नु भएथ्यो। त्यसपछि उनी (श्री हेमाड पन्त) आफ्ना कुलका आदि पुरूषहरूलाई दण्डवत् गर्दछन्।

(5) अनि पछि जसको गोत्रमा आफ्नो जन्म भयो ती भरद्वाज मुनिलाई नमस्कार गर्दछन्। त्यसपछि याज्ञवल्क्य, भृगु, पराशर, नारद, वेद व्यास, सनक, सनन्दन, सनत्कुमार, शुकदेव, शौनक, विश्वामित्र, वसिष्ठ वाल्मीकि, वामदेव, जैमिनी, वैशपायन, नवयोगीन्द्र इत्यादिलाई. र त्यस्तै निवृत्ति, ज्ञानदेव, सोपान, मुक्ताबाई, जनार्दन, एकनाथ, नामदेव, तुकाराम, कान्हा नरहरि आदि आधुनिक सन्तहरूलाई वन्दना गर्दछन्।

(6) त्यसपछि आफ्ना बाज्ये सदाशिवलाई, पिता रघुनाथलाई र आफ्नो बालककालमै दिवंगत भएकी आफ्नी आमालाई पनि साष्टाङ्ग दण्डवत् गर्दछन्। अनि फेरि आफूलाई पालनपोषण गर्ने काकीलाई र आफ्ना प्यारा जेठादाजुलाई पनि साष्टाङ्ग दण्डवत् गर्दछन्।

(7) यसपछि पाठकहरूलाई वहाँहरू एकाग्रचित भएर कथामृत (कथारूपी अमृत) पान गर्नुहोस् भनी प्रार्थना गर्दै नमस्कार गर्दछन्।

(8) अन्तमा दत्तात्रयका अवतार र आफ्नो आश्रयदाता तथा "ब्रह्म सत्यं जगन्मिथ्या" (ब्रह्ममात्र सत्य हो र यो संसार झूटो हो) यो कुराको बोध गराएर समसत प्राणीहरूमा एउटै ब्रह्म व्याप्त भएको अनुभूति गराउने श्री सच्चिदानन्द सद्गुरू श्री साईनाथ महाराजलाई साष्टाङ्ग दण्डवत् गर्दछन्।

श्री पाराशर, व्यास तथा शांडिल्य आदिकै समान भक्तिका विभिन्न प्रकारहरूको संक्षेपमा वर्णन गरेर अब ग्रन्थकार महोदय निम्नलिखित (तल लेखिएको) कथा प्रारम्भ गर्दछन्।

## गहुँ पिनेको कथाः-

सन् 1890 मा म एकदिन बिहान श्री साईबाबाको दर्शन गर्न मसजिदमा एँ।त्यहाँको विचित्र दृश्य देखेर मेरो आश्चर्यको सीमा रहेन। श्री साईबाबा हातमुख धोएपछि जाँतो पिन्ने तयारीमा लाग्नु भयो। वहाँले जमीनमा एउटा टाटको टुका ओछ्याउनु भयो र त्यसमाथि हातले पिन्ने जाँतो राख्नु भयो। वहाँले केही गहुँ नाड्लोमा झिकेर ल्याउनु भयो र अनि आफ्नो कफनी (साधु फकीरले। लगाउने विशेष खुकुलो कुर्ता) को बाहुलो फर्काई मुठीले जाँतोमा गँहू हालेर व्यसलाई  पिन्न आरम्भ मुर्नभयो।

मैले सोच्न लागें "बाबालाई जाँतो पिन्नाले के फाइदा" ? "वहाँको साथमा त कोही पनि छैन। साथै आफ्नो निर्वाह पनि भिक्षाद्वारा नै गर्नु हुन्छ"। यो घटना घटेको समयमा त्यहाँ उपस्थित अरू व्यक्तिहरूको पनि त्यही धारणा थियो। तर वहाँसँग सोध्ने साहस कसको थियो र ? बाबाले जांतो पिन्नु भएको समाचार तुरून्तै सारा गाउभरि फैलियो र वहाँको यो विचित्र लीला हेर्नको लागिं तत्कालै नर-नारीहरूको भीड मसजिदतिर दौड्यो।

तिनीहरूमध्ये चार निडर स्वास्नीमानिसहरू भीडलाई चिंदै अगाडि आएर वलपूर्वक बाबालाई त्याहाँवाट हटाएर वहाँको हातवाट जाँतोको हातो खोसी वहाँका लीलाहरूको गान गदै गहूँ पिन्न आरम्भ गरे।

पहिले त बाबा रिसाउनु भयो, तर फेरि तिनीहरूको भक्तिभाव देखेर वहाँ शान्त भएर मुस्कुराउन लाग्नु भयो। पिन्दा ती स्वास्नी मानिसहरूको मनमा यस्तो विचार आयो। "बाबाको न त घरद्वार छ, न वहाँको कुनै वाल-बच्चा नै छन्। त्यस्तै न कुनै रेखदेख गर्ने व्यक्ति नै छ। वहाँ स्वयम् भिक्षावृत्तिद्वारा नै आफ्नो निर्वाह गर्नु हुन्छ। यसैले वहाँलाई भोजनादिको लागि पीठोको आवश्यकता नै किन छ र ? बाबा त अत्यन्त दयालु हुनुहुन्छ। हुन सक्छ वहाँले यो पीठो हामी सवैलाई वार्डिदिनु हुनेछ"। यिनै विचारमा डुबेर गीत गाउदै-गाउदै उनीहरूले सबै पीठो पिनिसके। त्यसपछि उनीहरूले जांतो हटाएर पिठोलाई चार बराबर भागमा बाडे र आ-आफ्ना भाग लिएर त्यहाँबाट जान तयार भए। अहिलेसम्म

शान्त लाग्नुभयो। "ए स्वास्नीमानिसहरू हो! के तिमीहरू पागल भयौ? तिमीहरू कसको बाबुको माल हडप गरेर लादैछौ है? के कुनै ऋणीको माल हो यो र यति सजिलोसंग उठाएर लिएर जादैछौ ? भैगो, अब एउटा काम गर। यो पीठो लिएर गई गाउंको सीमानामा छरिदिओ।"

मैले शिरडीबासीहरूसंग बावाले अहिले जे कुरा गर्नु भयो, त्यसको यथार्थमा के तात्पर्य हो भनी प्रश्न गरें। उनीहरूले गाउंमा हैजाको प्रकोप जोरसंग भएको छ र त्यसैलाई हटाउनको लागि बाबाको यो उपचार हो भनेर मलाई बताए। अहिले तपाईले जे कुरा पिनेको देख्नु भयो त्यो गहूं होइन, परन्तु हैजा नै थियो, त्यसैलाई पिनेर पूरै नाश पारिदिइयो । यो घटनापछि सांच्चिनै हैजाको संक्रमण शान्त भयो र ग्रामवासी सुखी हुन गए।

यो कुरा जानेर मेरो प्रसन्नताको पारावार नै भएन। मेरो कौतूहल जाग्न गयो। मैले आँफैसंग प्रश्न गर्न लागें। पिठो र हैजा रोगको भौतिक तथा पाररूपरिक के सम्बन्ध छ ? यसको सूत्र कसरी थाहा पाउने ? घटना बुद्धिबाट पत्ता लाग्ने जस्तो लाग्दैनथ्यो । आफ्नो हृदयको सनतुष्टिको लागि यो मधुर लीलाको महत्व मैले चार शब्दमा अवश्य नै प्रकट गर्नुपर्छ । लीला उपर चिन्तन गर्दा मेरो हृदय प्रफुल्लित भएर उठ्यो र यसरी बाबाको जीवन-चरित्र लेख्नको लागि मलाई प्रेरणा मिल्यो । यो काम बाबाको कृपा तथा शुभ आशीर्वादबाट सफलतापूर्वक सम्पन्न हुन गयो भन्ने कुरा त सबै जनालाई विदित नै भएको छ ।

## पीठो पिन्ने कुराको तात्पर्यः-

शिरडीवासीहरूले यो पीठो पिन्ने घटनाको जो अर्थ लगाए त्यो त धेरैजसो ठीक नै छ । तर त्यसको अतिरिक्त मेरो विचारमा कुनै अर्को पनि अर्थ छ । बाबा शिरडीमा साठी वर्षसम्म बस्नुभयो र यो लामो समयसम्म बहाँले यो पीठो पिन्ने काम प्रायः हरेक दिन नै गर्नु भयो। पिन्नुको अभिप्राय गहुँलाई होइन, किन्तु आफ्ना भक्तहरूका पापहरू, दुर्भाग्यहरू मानसिक तथा शारीरिक तापहरूलाई थियो । वहाँका जाँतोका दुई पाटामा माथिको पाटो

भक्ति तथा तलको पाटो कर्म थियो । वहाँले जे द्वारा पिन्नु हुन्थ्यो त्यो जांतोको हातो थियो ज्ञान। बाबालाई जबसम्म नाश हुन अत्यन्त नै मुश्किल हुने आसक्ति, घृणा तथा अहंकार जस्ता प्रवृक्तिहरू मनुष्यका ह्रदयवाट नाश हुँदैनन् त्यहाँसम्म ज्ञान तथा आत्मानुभूति संभव हुँदैन भन्ने दृढ विश्वास थियो ।

यो घटनाले कबीरदासजीको यस्तै किसिमको घटनाको संझना दिलाउँछ । कबीर दासजीले अनाज पिन्न लागेकी एउटी स्वास्नी मानिसलाई देखेर आफ्ना गुरू नियति निरज्जनसँग भन्न लाग्नु भयो -: "जस्तो प्रकारले अनाज जाँतोमा पिनिन्छ, त्यस्तै प्रकारले मैले पनि भवसागररूपी जांतोमा पिसिन लागेको यातनाको अनुभव गरिरहेकोले म रोइरहेको छ।1 वहाँको गुरूले पनि न डराऊ जाँतोको केन्द्रमा जो ज्ञानरूपी मान (बीचको काठ) छ, त्यसलाई जस्तो किसिमले मैले समातेको देखिराखेका छौ, त्यसरी नै समाऊ । त्यसबाट टाढा नजाऊ। बरू केन्द्रतिर नै अगाडि सदैं जाऊ । अनि मात्र तिमी यो भवसागररूपी जाँतोबाट अवश्य नै बच्ने छौ भन्ने कुरा निश्चित छ भन्नु भयो।

..............................................................................

1 *चलती चक्की देखके दिया कबीरा रोय ।*
*दो पाटों के बीचमें, साबत बचा न कोय ।। -* ***कबीर***
*चालु जाँतो देखेर कबीर रोइदिए किनभने उनीलाई लाग्यो यी दुई चक्काको वीचमा परेपछि कोही पनि साबूत नै भएर बच्न पाउँदैन, अर्थात् संसाररूपी जाँतोमा पिसिंदा कोही पनि सग्लो रहन पाउँदैन । जाँतोको दुई पाटोको बीचम पिसिन पुगेको अनाज झै जो सुकै पनि धूलोपिठो हुन्छ ।*

**श्री सद्‌गुरू साईनाथमा अर्पणहोस् ।**
**मंगल होओस् ।।**